**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-८, संख्या-१३, मिति - २०८१/०८/२७**

**भाग-२**

**नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## सडक तथा भौतिक संरचना मर्मत सम्भार सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावना**

मोदी गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सडकहरु तथा अन्य भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार गरी दिर्घकालिन रुपमा संरक्षण र सम्बर्द्धन गर्न तथा सडक एवं अन्य भौतिक संरचनाहरुमा आउने विभिन्न साना तथा ठुला क्षतिहरुको न्यूनिकरण गरी भविष्यमा थप क्षति हुनबाट जोगाउन वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँ कार्यपालिकाले सडक तथा भौतिक संरचनाको मर्मत संभार सम्बन्धी कार्यविधि २०८१ निर्माण गरी जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ तथा क्षेत्र** : (१) यस कार्यविधिको नाम मोदी गाउँपालिकाको सडक तथा भौतिक संरचना मर्मत सम्भार सम्बन्धी कार्यविधि २०८१ रहेको छ ।

१) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारभ्म हुनेछ

२) यो कार्यविधि मोदी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ।

ख) "कार्यपालिका" भन्नाले मोदी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ

ग) "गाउँपालिका" भन्नाले मोदी गाउँपालिकालाई सम्झनुपर्दछ ।

घ) "अध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ङ) "उपाध्यक्ष" भन्नाले मोदी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

छ) "वडा समिति" भन्नाले मोदी गाउँपालिका भित्रका प्रत्येक वडाका वडा समिति सम्झनुपर्दछ ।

ज) "प्राविधिक" भन्नाले मोदी गाउँपालिकाको पूर्वाधार विकास शाखा वा वडा कार्यालयमा कार्यरत ईन्जिनियरिङ सेवाको कर्मचारी सम्झनुपर्दछ ।

झ) "उपभोक्ता समिति" भन्नाले सडक तथा अन्य भौतिक पूर्वाधारको मर्मत सम्भार कार्यको लागी मोदी गाउँपालिकाको उपभोक्ता समिति गठन तथा संचालन कार्यविधि बमोजिम गठित समिति सम्झनुपर्दछ

ञ) "मेशिन" भन्नाले सडक मर्मत तथा सरसफाईमा प्रयोग हुने लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, जेसिभी लगायतका मेशिन उपकरणलाई सम्झनुपर्दछ ।

ट) "घण्टा" भन्नाले मेशिन प्रयोग गरी सडक सरसफाई तथा मर्मत सम्भार गर्दा मेशिन संचालन भएको घण्टालाई सम्झनुपर्दछ ।

ठ) "काम गर्ने अवधी" भन्नाले मेशिनबाट काम शुरु गर्नुअघिको अंक र काम सम्पन्न भएपश्चातको अंकको फरकलाई सम्झनुपर्दछ ।

छ) "सडक व्यवस्थापक समुह" भन्नाले सडक मर्मत सम्भार तथा सडक सुरक्षाका लागी गाउँपालिकाले सडक क्षेत्रमा काम गर्नेगरी तोकिएको कामदारलाई सम्झनुपर्दछ ।

ज)	"प्रचलित कानुन" भन्नाले नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले निर्माण गरेका कानुनमा भएका व्यवस्था सम्झनुपर्दछ।

झ)	"कार्यविधि" भन्नाले मोदी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ लाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## सडक मर्मतका प्राथमिकता तथा सडक मर्मत सम्भार प्रक्रिया

### ३) गाउँपालिका भित्रका सडकहरुको वर्गिकरण

सडक मर्मत सम्भार प्रयोजनको लागी गाउँपालिकाको अधिकरक्षेत्रभित्र रहेको र गाउँपालिकाबाटै संचालन एवं मर्मत सम्भार गरिने सडकलाई गाउँपालिकाको सडकको रुपमा लिईएको छ। सडक सतहको आधारमा गाउँपालिका भित्रका सडकहरुलाई देहाय बमोजिम वर्गिकरण गरिएको छ ।

क) ग्रामिण सडक वा माटे सडक (Earthen Road)

ख) खण्डास्मित सडक (Graveled Road)

ग) कालोपत्रे सडक (Black Topped Road)

४ **सडक मर्मतको प्राथमिकिकरण सम्बन्धी व्यवस्था** : १) गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुको नियमित रुपमा मर्मत सम्भार गरी सडकहरुको अवस्था चुस्त दुरुस्त राख्नु गाउँपालिकाको जिम्मेवारी र कर्तव्य हुनेछ ।

२) सडक मर्मतको प्राथमिकताक्रम : गाउँपालिकाले सडक मर्मत सम्बन्धी काम गर्दा देहाय बमोजिमको प्राथमिकताक्रमको आधारमा गर्नुपर्नेछ ।

क) आकस्मिक मर्मत सम्भार (Emergency Maintenance)

ख) नियमित मर्मत सम्भार (Routine Maintenance)

ग) पटके मर्मत सम्भार (Recurrent Maintenance)

घ) आवधिक मर्मत सम्भार (Periodic Maintenance)

३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सडकहरुको मर्मत सम्भार गर्दा देहाय बमोजिम सडकहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

क) वडा कार्यालयहरुबाट राष्ट्रिय लोकमार्ग सँग जोड्ने सडकहरु

ख) गाउँपालिकाको प्रशासनिक केन्द्र सँग वडाहरु जोड्ने सडकहरु

ग) छिमेकी स्थानिय तह वा प्रादेशिक सडकहरु सँग जोड्ने सडकहरु

घ) अन्य स्थानिय तथा शाखा सडकहरु

## परिच्छेद ३

## सडक मर्मत सम्भार तथा सरसफाई सम्बन्धी विधिहरु

५ **अमानतबाट सडक मर्मत सम्भार तथा सरसफाई सम्बन्धी व्यवस्था** : १) **अमानत बाट** सडक मर्मत संभार सम्बन्धी कार्य गर्दा गाउँपालिकाको आफ्नै मेशिन (Equipment) प्रयोग गरी स्थायी वा अस्थायी रुपमा सोझै कामदारको व्यवस्था मार्फत सडकको मर्मत संभार गर्नुपर्नेछ ।

२) अमानत बिधिबाट सडक मर्मत सम्भार गर्दा गाउँ कार्यपालिकाको पूर्वस्वीकृती लिनुपर्नेछ ।

३) मोदी गाउँपालिकाले अमानतबाट मर्मत सम्भार गर्नुपर्दा सो कामको लागी आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री प्रचलित सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्नेछ ।

४) अमानतबाट सडक तथा अन्य भौतिक संरचनाहरुको मर्मत सम्भार गर्नुपरेमा त्यस्तो काम एक लाख रुपैयामा नबढाई खण्ड (ख) बमोजिम गराउनुपर्नेछ ।

६ **उपभोक्ता समिति मार्फत गरिने मर्मत सम्भार सम्बन्धी व्यवस्था** : (१) यस प्रक्रिया अन्तर्गत सडक मर्मत संभार उपभोक्ता समिति मार्फत स्थानिय लाभग्राही वा उपभोक्ता समुह लाई परिचालन गरी सडक मर्मत संभार गरिनेछ। उपभोक्ता समिति मार्फत गरिने मर्मत संभार कार्यमा स्थानिय योगदानको रुपमा रकम जम्मा गर्न नसक्ने अवस्थामा श्रमदानको रुपमा समेत सहभागिता जुटाउन सकिनेछ र त्यस्तो योगदान कम्तिमा कुल लागतको दश प्रतिशत बराबर हुनुपर्नेछ ।

२) अविरल वर्षा तथा बाढीपहिरोको कारणले सडकहरुमा स-साना पहिरो, भुक्षय, गेग्रान (Debris) आदीको कारण सडक आवागमनमा अवरोध उत्पन्न भई त्यस्ता सडकहरुको मर्मत सम्भार गर्न मेशिन उपकरण आवश्यक नपर्ने भनि प्राविधिकबाट प्रतिवेदन प्राप्त भएमा त्यस्ता सडकहरुको मर्मत सम्भार तथा सरसफाई गर्न उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको उपभोक्ता समिति गठन गर्दा मोदी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा (४) बमोजिम गर्नुपर्नेछ ।

३) उपभोक्ता समितिबाट कार्यालयमा योजना सम्झौता गर्नु अघि प्राविधिकबाट सडकको अनुगमन तथा सर्भेक्षण गरी लागत अनुमान तयार गर्नुपर्नेछ साथै प्राविधिक शाखाबाट मर्मत सम्भार कार्यको नापजाँच ,जाँचपास र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ,सुपरिवेक्षण गर्ने तथा गुणस्तर नियन्त्रण गर्ने कार्य गर्नुपर्नेछ ।

४) गाउँपालिकाले उपभोक्ता समितिलाई योजना सम्झौता भएपछि सम्झौता रकमको बढिमा एक तिहाई रकम सम्म अग्रिम रुपमा पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ।

५) उपभोक्ता समितिले योजना सम्झौतामा उल्लेखित शर्त तथा प्रावधान बमोजिम तोकिएको समयसिमा भित्र योजनाको काम सम्पन्न गरी कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानीको लागी कार्यालयमा पेश गर्नुपर्नेछ ।

६) उपभोक्ता समितिले भुक्तानीको लागी कागजात पेश गर्दा सम्पन्न कामको प्रावधिक मुल्यांकन, बिल भर्पाई, वडा समितिको सिफारिस, मेशिन प्रयोग गर्ने भन्ने प्राविधिकको सिफारिस, मेशिन प्रयोग गरिएको भए वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिबाट कार्यघण्टा प्रमाणित गरिएको प्रमाण सहितको मेशिनको शुरु अंक र कार्यसम्पन्न पश्चातको अंकको फोटो, लगबुक संलग्न गरी कार्यविधिमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी गाउँपालिकाको योजना शाखामा पेश गर्नु पर्नेछ

७) एकपटक सम्झौता भई मर्मत सम्भार तथा सरसफाई सम्बन्धी योजनाको भुक्तानी भई फरफारक भईसकेपछि सोही स्थानमा प्राकृतिक विपत्ती वा मनसुनजन्य प्रकोपको कारण सडक अवरुद्ध भई पुन मर्मत संभार तथा सरसफाई गर्नुपर्ने भएमा लागत अनुमान तयार गरी सोही बमोजिम योजना सम्झौता गर्नुपर्नेछ।

८) उपभोक्ता समितिले सम्झौता बमोजिमको काम आँफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन पाउने छैन । कुनै कारणबश उपभोक्ता समिति आँफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना लिखित रुपमा गाउँपालिकामा दिनुपर्नेछ। त्यसरी सुचना प्राप्त भएपछि गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँच गरी उक्त उपभोक्ता समिति सँग भएको सम्झौता तोडी बाँकी काम यसै कार्यविधि बमोजिम गराउनुपर्नेछ

९) यस दफामा माथी जुनसुकै कुरा उल्लेख भएको भएतापनी उपभोक्ता समिति मार्फत गरिने मर्मत सम्भार सम्बन्धी कार्यमा मेशिनको प्रयोग गर्न पाईने छैन। तर लागत अनुमान तयार गर्दाको समयमा मेशिन प्रयोग गर्नुपर्ने भनी प्रविधिकको प्रतिवेदनमा उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँ कार्यपालिकाको स्वीकृती लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिनेछ। तत्काल कार्यपालिकाको बैठक बस्ने तालिका नरहेको अवस्थामा लगत्तै बस्ने कार्यपालिकाबाट अनुमोदन गर्न बाधा पर्नेछैन।

१०) उपभोक्ता समितिले आँफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको प्रमाणित भएमा गाउँपालिकाबाट छानविन गरी त्यस्तो रकम प्रचलित कानुन बमोजिम समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७ **उपभोक्ता समितिको काम कर्तव्य र अधिकार** : उपभोक्ता समितिलाई मोदी गाउँपालिकको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ मा उल्लेख भए बमोजिमको

काम कर्तव्य र अधिकार हुनेछ ।

८ **ठेक्का प्रतिष्पर्धा मार्फत गरिने मर्मत सम्भार :** १) सडक सम्भारकर्ता (Length Worker) वा उपभोक्ता समितिबाट सडक मर्मत सम्भार गर्न सम्भव नभएमा तथा प्राविधिक दृष्टिले जटिल एवं मेशिनरी उपकरणको आवश्यक पर्ने मर्मत संभार कार्य यस कार्यविधि बमोजिम ठेक्का प्रतिस्पर्धा मार्फत गराउन सकिनेछ । साधारणतया प्राकृतिक प्रकोप तथा विपदबाट क्षतिग्रस्त सडकहरु मर्मत तथा पुर्नस्थापना जस्ता ठुला प्रकृतिका कार्य गर्नका लागी यो प्रक्रियाको अवलम्वन गरिनेछ ।

२) मेशिनको प्रयोग गरी पहिरो वा सडक अवरोध हटाउने वा सडक मर्मत सम्भार एवं सरसफाई कार्य गर्दा सम्बन्धित वडा समितिको सिफारिस तथा कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दररेटलाई आधार मानी मेशिनको प्रयोग गरी प्राविधिक लागत अनुमान बमोजिम सडकको मर्मत सम्भार गरिनेछ र कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिन सकिनेछ । सडक अवरोध हटाउने अवधीमा कार्यपालिकाको बैठकको तालिका नरहेको अवस्थामा त्यस लगत्तै बस्ने कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

३) दफा ७ को उपदफा ८ मा जुनसुकै कुरा उल्लेख भएतापनी कुनै पनि समयमा प्राकृतिक प्रकोप तथा मौसमजन्य विपद वा जलवायु परिवर्तन सृजित समस्याको कारण आउने बाढी, पहिरो, आँधीहुरी, अविरल वर्षा, खडेरी आदीको कारण सडकहरुमा क्षति वा गेग्रान थुप्रिन गई सडक अवरुद्ध भई कामदार वा उपभोक्ता समिति मार्फत मर्मत सम्भार हुने अवस्था नरहेको भनि प्राविधिकबाट सिफारिस भएमा प्राविधिकको प्रतिवेदनको आधारमा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा कार्यपालिकाको निर्णय बमोजिम मेशिनको प्रयोग गरी प्रतिघण्टाको दररेटमा सडक मर्मत सम्भार गराउन सकिनेछ । यस विधिबाट सडक मर्मत सम्भार गर्दा कार्यालयको एकजना प्राविधिक सडक मर्मत सम्भारमा प्रयोग भएको मेशिनको कार्यघण्टाको अनुगमन तथा सुपरिवेक्षणको लागी खटाउनुपर्नेछ र मेशिन संचालन गरेको कुल घण्टा कार्यालयबाट खटिई गएको प्राविधिक तथा सम्बन्धित वडा समितिले प्रमाणित गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम मेशिनको प्रयोग गरी सडक मर्मत सम्भार तथा सरसफाई गर्दा मेशिनको प्रयोग नगरी मेशिन चालु अवस्थामा राखेको वा मिलेमतो गरी मेशिन चालु अवस्थामा राख्ने तर सडक मर्मत सम्भार तथा सररफाईमा प्रयोग नगरेको प्रमाणित भएमा उक्त अवधीको भुक्तानी दिईनेछैन र कुनै कारणवश यस प्रकारको कार्यगरी भुक्तानी लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ साथै यस कार्यमा संलग्न प्राविधिकलाई प्रचलित ऐन कानुन बमोजिम कारवाही गरिनेछ ।

५) गाउँपालिका भित्रका सडकहरुको नियमित मर्मत सम्भार सम्बन्धी कार्य प्राविधिक लागत अनुमान बमोजिम एकमुष्ट रुपमा ठेक्का मार्फत समेत गराउन सकिनेछ ।

## परिच्छेद ४

## सडक मर्मत सम्भार समुह गठन परिचालन सेवा सुविधा अनुगमन तथा प्रशिक्षण सम्बन्धी व्यवस्था

९ **.सडक मर्मत समुह (Road Maintenance Team) गठन गरिने** : १) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सडकहरुलाई निरन्तर तथा नियमित रुपमा सञ्चालनमा ल्याउन तथा सडकहरुमा क्षयीकरण कम गर्न वा ठुलो क्षति हुनबाट रोक्नको लागी सडक मर्मत सम्भार समुह गठन गरी परिचालन गर्न सकिनेछ।

१०.सडक मर्मत समुहका कामदार छनौट प्रक्रिया :(१) गाउँपालिकाले सडक मर्मत सम्भार समुहका लागी कामदार सदस्यहरुको ज्यालादारीमा नियुक्ति तथा परिचालन गर्न गाउँपालिकास्तरमा देहाय बमोजिमको छनौट समिति रहनेछ

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) प्राविधिक शाखा प्रमुख | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक | सदस्य |
| ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

२) उपदफा (१) बमोजिम समितिले सडक मर्मत सम्भार समुहका कामदार परिचालन गर्दा सम्बन्धित वडा कार्यालयको सहमति लिनुपर्नेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएतापनी सडक मर्मत समुहका कामदार नियुक्त गर्न नसक्ने अवस्था भएमा कार्यालयका अन्य कार्यक्रममा सुचीकृत श्रमिकहरु मध्येबाट ज्यालादारीमा काम गर्ने गरी छनौट गरी यस कार्यविधि बमोजिम काममा लगाउन सकिनेछ।

११.**सडक मर्मत समुहको परिचालन प्रक्रिया** : १) गाउँपालिकाका सबै वडाहरुमा सम्बन्धित वडा अध्यक्षको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिकामा गठित मर्मत सम्भार समुहका बढिमा दुई जना सदस्य रहनेछन ।

२) उपदफा (१) बमोजिम वडा अध्यक्षको मातहतमा रहने गरी सडक मर्मत सम्भार समुहको डोर हाजिरी तथा सम्पादन गरेको कामकाजको प्रतिवेदन वडा सचिव मार्फत कार्यालयलाई मासिक रुपमा पेश गर्नुपर्नेछ ।

३) सेवा सुविधा :(१) सडक मर्मत सम्भार समुहमा काम गर्नेगरी नियुक्त भएका कामदारहरुको ज्याला लगायत अन्य सेवा सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४) उपदफा (१) बमोजिम नियुक्त भएका सडक मर्मत सम्भार समुहका कामदारहरुले पाउने पारिश्रमिक वा ज्याला बैंक मार्फत भुक्तानी दिने व्यवस्था मिलाईनेछ

५) उपदफा (१) बमोजिम नियुक्त भएका सडक मर्मत सम्भार समुहका कामदारहरुको गाउँपालिकाले विमा गरिदिनुपर्नेछ ।

१२.**कामदारको योग्यता** : सडक मर्मत सम्भार समुह वा कामदार सदस्यमा नियुक्त हुनको लागी देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

१) मर्मत सम्भार कार्यमा संलग्न हुने कामदार सदस्यले १८ वर्ष उमेर

पुरा भएको हुनुपर्नेछ ।

२) सामान्य लेखपढ गर्न जानेको हुनुपर्नेछ ।

३) शारिरिक रुपमा तन्दुरुस्त र स्वस्थ रहेको भनि नेपाल सरकार वा गण्डकी प्रदेश सरकारबाट मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित भएको हनुपर्नेछ ।

४) सडक मर्मत सम्भार समुहमा काम गर्ने सदस्यले ६० वर्ष उमेर पुरा भएपछि कामदारको रुपमा काम गर्न पाउने छैन ।

५) नैतिक पतन हुने फौजदारी कसुरमा सजाय नपाएको तथा कुनै पनि कुलत तथा दुर्व्यसनीमा नफसेको हुनुपर्ने ।

६)माथी उल्लेखित योग्यताको अतिरिक्त सिकर्मी तथा डकर्मीको सिप हासिल गरेको व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

७) सडक मर्मत सम्भार समुह कामदार सदस्यहरु नियुक्त गर्दा प्रचलित कानुन बमोजिम विपन्न, सिमान्तकृत, महिला ,दलित, जानजातीलाई प्राथमिकता दिईनेछ ।

८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनी यसअघि कुनै व्यक्ति सडक विभाग वा अन्य निकायमा सडक मर्मत सम्भार सदस्यको रुपमा रही कार्य गरेको कुनै अनुभवको प्रमाणपत्र पेश गरेमा त्यस्ता व्यक्तिको हकमा यस कार्यविधिमा उल्लेख गरिएको उमेरको हद लाग्ने छैन ।

१३.**अनुगमन गर्नुपर्ने** : सडक मर्मत समुहले सडक मर्मत सम्भार सम्बन्धी गरेका सम्पुर्ण क्रियाकलापहरुको रेखदेख निरिक्षण र अनुगमन सम्बन्धित वडा कार्यालयले गर्नेछ ।

१४.**प्रशिक्षण दिनुपर्ने** : सडक मर्मत सम्भार समुहको गठन सम्बन्धी सम्पुर्ण प्रक्रिया पुरा भईसकेपछि गाउँपालिकाले समुहका कामदार सदस्यहरुलाई सडक मर्मत सम्भार औजारहरुको

प्रयोग तथा सुरक्षाका उपकरणहरुको प्रयोग सम्बन्धि देहाय बमोजिम प्रशिक्षण तथा तालिम प्रदान गरेर मात्र काममा खटाउनुपर्नेछ ।

क) **सैद्धान्तिक तालिम** : सडक मर्मत सम्भार समुहमा आवद्ध भएका कामदारहरुलाई कामदार सदस्यको जिम्मेवारी कसरी बहन गर्ने सडकमा हुने ? क्षयीकरण तथा अन्य आईपर्ने समस्याहरुको जानकारी तथा त्यसको रोकथाम कसरी गर्ने ? भन्ने बारेमा सैद्धान्तिक प्रशिक्षण दिनुपर्नेछ ।

ख) **व्यवहारिक तालिम** : सडक मर्मत सम्भार समुहका कामदार सदस्यहरुलाई सैद्धान्तिक प्रशिक्षण प्रदान गरिसकेपछि औजारहरु तथा सुरक्षाका उपकरणहरु कसरी प्रयोग गर्ने ? तथा सुरक्षा प्रदान गर्ने विषयमा व्यवहारिक प्रशिक्षण दिनुपर्नेछ।

**ग) विपद व्यवस्थापन सम्बन्धी तालिम**: सडक मर्मत सम्भार समुहका कामदार सदस्यहरुलाई सैद्धान्तिक प्रशिक्षण तथा व्यवहारिक प्रशिक्षणका अतिरिक्त विपद प्रतिकार्य, विपद पश्चातका उद्दार, राहत वितरण, अग्नि नियन्त्रण, पौडी जस्ता विपद व्यवस्थापन सम्बन्धी आधारभूत तालिम प्रदान गर्नुपर्नेछ । यस्तो तालिम प्राप्त समुहलाई विपद प्रतिकार्य समुह वा अग्नि नियन्त्रण समुह को रुपमा समेत कामकाजमा लगाउन सकिनेछ ।

## परिच्छेद ५

## सडक मर्मत समुहको काम कर्तव्य सम्बन्धी व्यवस्था

१५.**तोकिए बमोजिमका काम गर्नुपर्ने** : १) गाउँपालिकामा रहने सडक मर्मत सम्भार समुहले सडक मर्मत सम्भारको अतिरिक्त गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुले तोकिदिएका देहायका कार्यहरु समेत गर्नुपर्नेछ ।

१) सडकमा खसेका ससना पहिरोहरु तथा अवरोधहरु हटाउने ।
२) सडकका नालीहरु सफा गरी सडकमा पानी बग्नबाट जोगाउने ।
३) पुल पुलेसा सफा गर्ने तथा रङ रोगन गर्ने ।
४) पुल मुनीका भाग सफा गर्ने ।
५) सडक किनारका झारपात, झाडी तथा घाँसहरु काट्ने ।
६) ट्राफिक चिन्ह र सडक सुरक्षाका संकेत बोर्डहरु सफा गर्ने ।
७) वायो ईन्जिनियरिङका संरचनाहरुको संरक्षण गर्ने ।
८) नाली तथा कजवेका सतहहरु सफा गर्ने ।
९) पुलको डेक र रेलिङ सफा गर्ने ।
१०) पुल तथा कजवेका संरचनामा रहेका झारपातहरु हटाउने ।

११) सडकमा लगाईएका पर्खालहरुको सरसफाई तथा ससना मर्मतहरु गर्ने

१२) सडक हेरालुको रुपमा काम गर्ने ।

१३) सडकमा परेका खाल्डाखुल्डीहरुको मर्मत

१४) कल्भर्टमा पुरिएका भागहरुको मर्मत

१५) सडकको पटरीमा भएको कटानीको मर्मत

**२) अन्य संरचनाहरुको मर्मत**: सडकका अतिरिक्त आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको निर्देशनमा देहायका भौतिक संरचनाहरुको मर्मत सम्भार गर्नुपर्नेछ ।

१) सामुदायिक विद्यालयका भवनहरुमा भएको सामान्य क्षतिको मर्मत

२) पाटी, पौवा, सत्तल, मन्दिर,गुम्बा, चर्च, पोखरीहरु, पानी पँधेरो जस्ता धार्मिक सास्कृतिक पर्यटकिय तथा पुरातात्विक सम्पदाहरुको मर्मत तथा संरक्षण सम्बन्धी कार्य

३) पदमार्गहरुको सरसफाई तथा मर्मत कार्य

४) चौतारीहरुको मर्मत संरक्षण तथा चौपारीमा वरपिपल वृक्षारोपण ।

५) विपदमा परि क्षति भएका गरिव तथा सिमान्तकृत वर्गका नागरिकहरुको घरको मर्मत सम्भार तथा आवश्यकता अनुसार निर्माणका कार्यहरु

## परिच्छेद ६

## औजार तथा सुरक्षाका उपकरण सम्बन्धी व्यवस्था

१६.**औजार उपलब्ध गराउनुपर्ने** : सडक तथा अन्य भौतिक संरचनाहरुको मर्मत सम्भार सम्बन्धी क्रियाकलाप संचालन गर्दा समुहका लागी आवश्यकता अनुसार देहाय बमोजिमका सामग्रीहरु गाउँपालिकाले उपलब्ध गराउनुपर्नेछ ।

क) ठेलागाडा र हावा भर्ने पम्प

ख) खुर्पा, हँसिया, घन, छिना, घाँस काट्ने मेशिन

ग) ठुला तथा साना गल तथा सावेल, बेल्चाहरु

घ) डोरी, डोको, नाम्लो

ङ) पानी हाल्ने झारी

च) फरुवा, गैची, कोदालो, बाउसो

छ) प्लाष्टिकका जर्किनहरु

ज) पौडी खेल्नका लागी आवश्यक लाईफ ज्याकेट तथा हेल्मेट

झ) वेल्डिङ मेशिन, ड्रिल मेशिन आदी

ञ) संचारका लागी आवश्यक उपकरणहरु

ट) अन्य आवश्यक उपकरणहरु तथा औजारहरु

१७.**सुरक्षाका उपकरणहरु** : सडक मर्मत सम्भार समुहका कामदारहरुका लागी आवश्यक पर्ने देहाय बमोजिमका सुरक्षा सामग्रीहरु गाउँपालिकाले उपलब्ध गराउनुपर्नेछ ।

क) सेफ्टी हेलमेट

ख) गाउँपालिकाको लोगो तथा उद्धरण सहितको हाफ ज्याकेट

ग) सुरक्षा प्रदान गर्ने चश्मा

घ) मास्क तथा जुत्ता /गमबुट

ङ) छाता वा स्याखु वा रेनकोट

च) जाडो यामको लागी न्यानो ज्याकेट

छ) प्राथमिक उपचार किट सहितको बाकस

१८.**जिम्मेवार शाखा** : दफा (१५) र (१६) मा उल्लेखित औजार तथा सुरक्षाका सामग्रीहरुको खरिद, दाखिला, अभिलेख राख्ने वितरण गर्ने लगायतको जिम्मेवारी गाउँपालिकाको जिन्सी शाखाको हुनेछ ।

१९.**कोषको व्यवस्था** : १) सडक तथा अन्य सार्वजनिक भौतिक संरचना मर्मत सम्भार सम्बन्धी कार्य संचालन गर्न गाउँपालिकामा एउटा छुट्टै मर्मत सम्भार कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

क) मर्मत सम्भार कार्यका लागी गाउँसभाबाट विनियोजन भएको सम्पुर्ण रकम

ख) कुनै संघ, संस्था, निकाय वा व्यक्तिबाट प्राप्त सहयोग रकम

ग) संघिय तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

घ) सडक प्रयोग गरेवापत प्राप्त रोयल्टी रकम ।

ङ) अन्य विविध स्रोतबाट प्राप्त रकम

२०.**कोषको प्रयोग** : १) दफा (१८) बमोजिम स्थापना गरिएको कोषको प्रयोग सडक तथा अन्य सार्वजनिक भौतिक संरचनाहरु मर्मत सम्भार सम्बन्धी कार्य संचालनका लागी मात्र प्रयोग गर्न सकिनेछ ।

२) दफा (१८) बमोजिम स्थापना गरिएको कोषमा जम्मा भएको रकम सडक तथा अन्य सार्वजनिक भौतिक संरचनाहरुको मर्मत सम्भार सम्बन्धी क्रियाकलाप संचालन गर्दा उक्त रकम

अपुग भएमा त्यस्तो अपुग रकमको व्यवस्थाको लागी गाउँ कार्यपालिकाको सिफारिस बमोजिम गाउसभाबाट अनुमोदन गर्नुपर्नेछ ।

२१.**खाता संचालन** :कोषको आर्थिक कारोवारका लागी खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक शाखा प्रमुखको संयुक्त दस्खतबाट हुनेछ ।

२२.**अन्य भौतिक संरचनाहरुको मर्मत** :गाउँपालिका भित्रका सडकहरुको मर्मत सम्भारको अतिरिक्त अन्य सार्वजनिक भौतिक संरचनाहरुको मर्मत सम्भार समेत यसै कार्यविधि बमोजिम गर्न सकिनेछ ।

२३.**लेखापरिक्षण** :सडक मर्मत सम्भार कोषबाट हुने सम्पुर्ण आय व्ययको प्रचलित कानुन बमोजिम लेखापरिक्षण गर्नुपर्नेछ ।

२४.**खारेजी र बचाउ**: १) नेपाल सरकार र गण्डकी प्रदेश सरकार बाट जारी भएका कानुन सँग यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिमा उल्लेखित प्रावधानहरु स्वत अमान्य हुनेछन।

२) मोदी गाउँ कार्यपालिकाले जारी गरेको मनसुन तथा चाडपर्व केन्द्रित मोटरबाटो मर्मत तथा सरसफाई सम्बन्धी कार्यविधि २०८१ खारेज गरिएको छ।

३) मोदी गाउँपालिकाले जारी गरेको मनसुन तथा चाडपर्व केन्द्रित मोटरबाटो मर्मत तथा सरसफाई सम्बन्धी कार्यविधि २०८१ बमोजिम भए गरेका कामकाजहरु समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**